# नगर महिला तथा बालबालिका कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रमाणिकरण मिति**: २०७५।१०।२१

**प्रस्तावना** : तारकेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम तारकेश्वर नगरपालिकाले यो कार्यविधि बनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**पृष्ठभूमी** : महिला बालबालिका ज्येष्ठनागरिक मन्त्रालयको कार्यक्षेत्र जिम्मेवारी स्थानीय तहमा नगर महिला तथा बालबालिका शाखा अर्न्तगत रही महिला, बालबालिका, ज्येष्ठनागरिक र अपाङ्गता भएका व्यक्तिहरुका क्षेत्रमा कार्यक्रम संचालन, समन्वय, सहजिकरण, सहजकर्ताको भूमिका निर्वाहको साथै महिला विकास कार्यक्रम स्थानीय तहबाट संचालन हुने र कार्यक्रमको प्रसार सहभागिता विस्तार र स्रोत परिचालन समेतका अर्थमा कार्यक्रमका लागि अनुपम अवसर पनि हो। स्थानीय निर्वाचित नेतृत्वको संयोजनमा महिला सशक्तिकरणका निम्ति समस्त क्रियाकलापहरु संचालन गर्न यस नगर महिला तथा बालबालिका शाखाको जिम्मेवारी रहेको छ।

**उद्देश्यहरु** :

१. नगरपालिकामा महिला, बालबालिका, ज्येष्ठनागरिक र अपाङ्गता सम्बन्धी नीतिहरु बनाउनको साथै कार्यक्रम संचालन गर्ने ।

२. महिला आर्थिक सशक्तिकरण समुह, समिति, संस्था गठन, परिचालन, नेतृत्व तथा सचेतना कार्यक्रम संचालन गरि महिलाहरुलाई आत्मनिर्भर वनाउने।

३. लैगिंक हिंसा, घरेलु हिंसा र महिला हिंसा, विरुद्ध विभिन्न सरोकारवाला र नगरपालिकाको आयोजनामा विभिन्न कार्यक्रम संचालन गरि हिंसामुक्त नगरपालिका वनाउने।

४. नगरपालिकाको क्षेत्रमा ज्येष्ठ, नागरिक सम्वन्धी कार्यक्रमहरु नगरपालिका सरकारी तथा गैरसरकारी संस्थाहरु समन्वय र सहकार्यबाट कार्यक्रम संचालन गरि ज्येष्ठ नागरिक मैत्रि नगरपालिका वनाउने।

५. नगरपलिकाको कार्यक्षेत्र भित्र समन्वयमा बालबालिका सम्बन्धि विभिन्न कार्यक्रम संचालन (बालकल्ब गठन, बालगृहहरुको अनुगमन, विपत परेका बालबालिकाहरुको संरक्षण, संङ्कटापन्न बालबलिकाको पारिवारिक सरक्षण, बालदिवश, आदि)

६. नगरपलिकाको कार्यक्षेत्रभित्र ज्येष्ठ नागरिक परिचय पत्र वितरण,ज्येष्ठ नागरिक संरक्षण सम्बन्धि संचेतना कार्यक्रम, अर्न्तरपुस्ता शिप हस्तान्नतरण कार्यक्रम,दिवशिय कार्यक्रम र ज्येष्ठ नागरिक सेवाकेन्द्र, दिवासेवा केन्द्रको अनुगमन, निरिक्षण।

**महिला सम्बन्धी** :

१. महिलाहरुको समुह गठन, समिति गठन, निगरानी समुह गठन संस्था दर्तामा सहजिकरण।

२. समुह गठन, समिति गठन, निगरानी समुह गठन संस्था तथा परिचालन
महिला समुह, समिति संस्थाका सदस्यहरुलाई संस्थाहरुलाई आर्थिक सशक्तिकरण, सामाजिक सशक्तिकरण, गर्ने कार्यक्रमहरु संचालन गर्ने।

३. महिला संस्थाहरुको स्तर निर्धारण (अभिप्राप्ती, अभिकार्य सूचकांक साङ्गठनिक मानचित्र) गर्ने र महिला समुह, समिति संस्थाका सदस्यहरुको कार्ययोजना। रणनिति पत्र तर्जुमामा सहयोग गर्ने।

४. महिलाहरुको क्षमता अभिवृद्धि सम्वन्धीकार्यहरु गर्ने, व्यवसायको पहिचान तथा सीप विकास गर्ने, व्यवसाय समुह गठन गर्ने, व्यवसाय संचालनका लागि अनुदान दिने।

**बालबालिका** :

१. नगरपालिकामा बालबालिका सम्बन्धी नीतिहरु बनाउने।

२. वडावडाका बालबालिकाकाहरुको आर्थिक तथा सामाजिक स्ततरिकरण गरि गराई अभिलेख व्यावस्थापन।

३. समुदाय, विद्यालयमा आधारित बालक्लव गठनगर्ने गराउने।

४. नगरपालिका स्तरिय बाल क्लबहरु को संजाल गठन गर्ने गराउने समन्वय र सहजिकरणबाट।

५. स्थानीयतहमा बालगृह, पुनस्थापना केन्द्र स्थापना र संचालन गर्ने गराउने।

६. स्थानीय तहमा बालबालिका सम्वन्धी कार्यक्रम संचालन गर्ने संस्थाहरुको सुचिकृत गर्ने र गराउने।

७. सडक तथा वेवारिसे बालबालिकाहरुको व्यावस्थापन को लागि समन्वय गर्ने गराउने।

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बालबालिका दिवशहरु मनाउन समन्वय तथा सहकार्य गर्ने गराउने।

**अपाङ्गता भएका व्यक्तिहरुका लागि** :

१. नगरपालिकाका वडा-वडामा अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन र प्रोफाईल तयार लागि समन्वय तथा सहजिकरण नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरुका लागि नीतिहरु बनाउने।

२. वडा वडाका अपाङ्गता भएका व्यक्तिहरुका आर्थिक तथा सामाजिक स्ततरिकरण गरि गराई अभिलेख व्यावस्थापन।

३. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षणका लागि नागरिकहरुमा सचेतना जागरण गर्ने गराउने, सार्वजनिक भौतिक संरचना अपाङ्गता मैत्रि वनाउन अनवश्यक पहल गर्ने गराउने।

४. अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरणमा नगरपालिकालाई सहयोग गर्ने।

५. अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुको अनुगमन गर्ने सोही अनुसार कार्यान्वयन लाई अगाडी वढाउने ।

६. अपाङ्गता भएका व्यक्तिहरु लगि सहायक समाग्रिहर वितरण समन्वय सहकार्य गर्ने गराउने ।

**जेष्ठ नागरिकहरुका लागि** :

१. नगरपालिकाका वडावडामा जेष्ठ नागरिकहरुको तथ्याङ्क संकलन र प्रोफाईल तयार गागि समन्वय तथा सहजिकरण गर्ने गराउने ।

२. नगरपालिकामा जेष्ठ नागरिकहरुको लागि नीतिहरु बनाउने ।

३. जेष्ठ नागरिकहरुको हक अधिकार संरक्षण सम्वन्धि सचेतना जागरण गर्ने गराउने ।

४. जेष्ठ नागरिकहरुलाई परिचय पत्र वितरणमा नगरपालिकालाई सहयोग गर्ने गराउने ।

५. समुदायमा दिवासेवाकेन्द्र, मिलन चौतारी जेष्ठनागरिक सम्वन्धि क्लव संस्था गठन गरि कार्यक्रम संचालन गर्न सहयोग गर्ने गराउने ।

६. वृद्धाश्रम तथा दिवासेवा केन्द्रहरुको अनुगमन निरिक्षण सहजिकरण गर्ने गराउने ।

७. नगरपालिकाका वडावडामा जेष्ठ नागरिकहरुको लागि संरक्षण कोष स्थापना गर्नेगराउने ।

८. अन्तरपुस्ता सिप हस्तान्तरण आदि लगायतका गतिविधिहरु संचालन गर्ने गराउने ।

**नेपाल सरकारवाट सशर्त अनुदान कार्यक्रम आ.व. ०७५।०७६ का लागि**

महिला विकास कार्यक्रम विगतका वर्षहरुमा जस्तै यस आ.व.मा पनि कार्यक्रमलाई निरन्तरता दिनका नेपाल सरकारवाट स्वीकृत भई स्थानीयतहमा कार्यक्रम तथा वजेटको कार्यविधि सशर्त अनुदान यस तारकेश्वर नगरपालिकाकामा प्राप्त भएको कार्यविधि यसै कार्यविधिमा समावेश गरिएकोछ ।

१. **समाज कल्याण कार्यक्रम** (**ज्येष्ठ नागरिक कार्यक्रम समेत**)

१.१. स्थानीय तहमा समुदायमा समुदायमा आधारित पुनस्थार्पन कार्यक्रम संस्था छनौट गरि प्रकृया पुऱ्याएर संस्थालाई सशर्त अनुदान सिविआरको निर्देशिका वमोजिम सञ्चालन गर्नुपर्नेछ । यस कार्यक्रमका लागि रु.६६,०००। वजेट विनियोजन भएको छ। निर्देशिका यसै साथ छ।

१.२. **ज्येष्ठ नागरिक सम्वन्धी सरोकारवला विच अर्न्तक्रिया**

कतिपय ज्येष्ठ नागरिकको अवस्था अति नै दर्दनाक अवस्थामा दिन विताई रहेका छन, मानसिक तथा शारिरिक हिसावले दिनप्रतिदिन अशक्त हुदै उमेर ढल्कीदै जादा उनिहरुमा हिनताको वोध भईरहेको पाइन्छ। अझ वदलिदो परिवेश तथा शहरीकरणको कारणले परिवारसंग अलगिएर ज्येष्ठ नागरिक एक्लो भएको पनि पाइन्छ । राज्यवाट पनि ज्येष्ठ नागरिकको लागि खासै सम्मान प्राथमिकतामा पर्ने वर्ग मानिएको छैन, तर उनिहरुको

अनुभव तथा इतिहासका प्रत्यक्ष साक्षी जिउदो व्यक्ति यिनै हुन र पनि राज्य तथा समाज एवं पारिवारिक दृष्टिवाट अलि टाढा रहेका यी वर्गको संरक्षण तथा सिप अनुभव लिन सकेमा सवैलाई सकारात्मक प्रभाव पार्ने उदेश्यले तारकेश्वर नगरपालिकालाई नेपाल सरकारवाट प्राप्त महिला विकास कार्यक्रमतर्फको वजेट रु. ३५०००। वाट **ज्येष्ठ नागरिक विच सरोकारवलाहरु विच अर्न्तक्रिया कार्यक्रम** सञ्चालन गर्न विनियोजित भएको छ।

१.३. नेपालको ज्येष्ठ नागरिक ऐन २०६३ ले ६० वर्ष उमेर पुगेका व्यक्तिलाई ज्येष्ठ नागरिक मानिन्छ निजहरुको आवश्यकता पर्ने सेवा सुविधा सहुलित उपलव्ध गराउन नेपाल सरकारले ज्येष्ठ नागरिक परिचय पत्र दिने व्यवस्था समेत गरिसकेको छ भने ७० वर्ष उमेर पुगेकालाई सामाजिक सुरक्षा भत्ता वापत मासिक रु.२०००का दरले उपलव्ध गराउदै आएको छ । नेपालको जनसख्याको करिव ८ प्रतिशत ज्येष्ठ छन् । ज्येष्ठ नागरिकको अनुभव तथा इतिहासका प्रत्यक्ष साक्षी जिउदो व्यक्ति ज्येष्ठ नागरिक नै हुन। ज्येष्ठ नागरिकहरको अनुभव तथा सिप दोस्रो पुस्ता देखि नै हस्तानतरण गर्न आवश्यक छ, तसर्थ महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयवाट यस तारकेश्वर नगरपालिकामा प्राप्त शसर्त अनुदान वजेट अर्न्तगत **२८ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस र अन्जाइमर चेतना दिवस** मनाउन तारकेश्वर नगरपालिकलाई रु.२९००० वजेट विनियोति भएको छ।

**२. वाल कल्याण कार्यक्रम**

२.१. **वालकल्व गठन सञ्चालन तथा नियमन**

जग वलियो भयो भने घर वलियो हुन्छ भने झै मानव जिवनको जग नै वाल्यअवस्था हो ।यो अवस्थामा उनिहरुको विभिन्न किसिमले सर्वाङ्गीण विकास हुनु आवश्यक हुन्छ, नेपालको कानुनले १८ वर्ष मुनिकालाई वालवालिका हुन भनि व्यवस्था गरेको छ। वढ्दो उमेर संगै उनिहरुमा जिज्ञसा र कौतुल्यता पनि वढी हुने भएकोले उनिहरुको विकास ,सामाजिक दायित्व देखि लगनसिलता वृद्धि गर्न सकेमा देशका हरेक विकासका गतिमा सहज देखिनेछ, तसर्थ समुदाय तथा विद्यालयस्तरमा १८ वर्ष मुनिका वालवालिकाहरुको वालकल्व गठन गर्ने भनि महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयवाट यस तारकेश्वर नगरपालिकामा प्राप्त शसर्त अनुदान **वालकल्व गठन सञ्चालन तथा नियमन** कार्यक्रम सञ्चालन गर्नको लागि तारकेश्वर नगरपालिकलाई रु.२००००। वजेट विनियोजित भएको छ।

२.२. **वालवालिका माथि हुने शारिरिक,मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्व्यवहार**

अझै पनि वालवालिका कुनै पनि क्षेत्रमा सुरक्षित छैनन, तसर्थ उनिहरुलाई विभिन्न किसिमका हिंसावाट सुरक्षित राख्नु सवैको दायित्व पनि हो । उनिहरुको चौतर्फी विकास गर्नु आवश्यक हुन्छ, वालवालिकाहरुलाई विभिन्न हिंसावाट मुक्त गराउन सकेमा मात्र देशले भोलिका दिनमा असल नागरिक पाउन सक्नेछ । महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयवाट यस तारकेश्वर नगरपालिकामा प्राप्त शसर्त अनुदान वालवालिका माथि हुने शारिरिक, मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्व्यबहार कार्यक्रम सञ्चालन गर्नको लागि तारकेश्वर नगरपालिकलाई रु.३३०००। वजेट विनियोजित भएको छ।

३. **महिला विकास कार्यक्रम (महिला जागृती कार्यक्रम समेत)**

३.१. **लैक्तिक हिंसा निवारणमा न्यायिक समितिको क्षमता विकास तालिम**

लैगिक हिंसा जटिल समस्याको रुपमा रहेको छ । समाजमा व्याप्त पितृसत्तात्मक सोचका कारण सिर्जित समस्याले महिला तथा बालिकाहरुमाथि हुने विभेद, दुर्व्यवहार, शोषणको अन्त्य स्थानीय एवं राष्ट्रिय चुनौतिको विषय बनेको छ । स्थानीय तहमा गठित न्यायिक समितिले यो मुद्दालाई प्राथमिकतामा राखी न्यायिक निरुपणमा प्रभावकारी भूमिका खेल्न वाञ्छनीय भएको सन्दर्भमा हिंसा निवारणमा न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि का साथै समुदायमा आधारित संरक्षण प्रणाली स्थापना गर्न साबिकमा लैङ्गिक हिंसा निवारणका लागि भएका प्रयास र असल अभ्यासबारे स्थानीय तहका पदाधिकारीहरुलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम राखिएकोहो । यसका लागि रु. ५०,०००। बजेट विनियोजन गरिएको छ । तालिमको कार्यतालिकाको नमूना अनुसूचीमा दिइएको छ। उपयुक्त स्रोत व्यक्तिहरुको व्यवस्था गरी तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३.२. **नेतृत्व तथा सस्थागत विकास तालिम**

महिला संस्था र अन्तर्गतका समितिका पदाधिकारी एवं व्यवस्थापन कर्मचारीहरुमा सहकारिताको ज्ञान तथा नेतृत्व क्षमता अभिवृद्धी भई सहकारिताको मर्म अनुसार स्वावलम्बन र पारस्परिकताको अभ्यास तर्फ अग्रसर गराउने, रणनीतिक चिन्तनशीलता बढाउने, नेतृत्व तथा अनुयायित्व विकासको अभ्यासमा मद्दत पुग्ने उद्देश्यका साथ महिला विकास कार्यक्रमदारा प्रवर्द्धित सहकारी सस्था, समितिका नेतृत्व तहका पदाधिकारी तथा व्यवस्थापन र कर्मचारी कम्तीमा २५ जना छनौट गरी तालिम सञ्चालन गर्न रु ५२,०००। वजेट विनियोजन गरिएको छ । तालिमको कार्यतालिको नमूना अनुसूचिमा राखिएको छ। महिला सहकारी सस्था गठन नभएको स्थानमा आर्थिक तथा सामाजिक रुपले पछाडी परेका

महिलाहरुको पूर्वसहकारी अभ्यासको रुपमा गठन भएका महिला समूह, गाउँ समितिका नेतृत्व तहका महिलाहरुलाई सहभागी गराएर तालिम सञ्चालन गर्न सकिनेछ।

३.३. **सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता**

विपन्न तथा पिछडिएका महिलाहरुको आवश्यकता पहिचान गरी उनीहरुको सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउने, महिलाहरुमा नेतृत्व क्षमता र सीपको विकास गरी स्थानीय विकासका कार्यमा महिलाहरुको सहभागितालाई अभिवृद्धि गर्न महिला सशक्तीकरणका कार्यक्रम कार्यान्वयनमा सहजकर्ताको रुपमा काम गर्ने गरी आ.व. २०५६/५७ देखि महिला जागृति तथा आय आर्जन कार्यक्रमअन्तर्गत सामाजिक परिचालिकाको व्यवस्था गरिएकोमा हाल यस तारकेश्वर नगरपालिकामा ३ जना कार्यरत रहेका छन् । स्थानीय तहवाटै सामाजिक परिचालिका परिचालन गर्न चालु आ.व. मा स्थानीय स्तरमा कार्यरत परिचालिकाको प्रोत्साहन भत्ता स्वरुप रु ९७००ले १३ महिनाको वजेट स्थानीय तहमा विनियोजन गरिएको छ । साविकमा गा.वि.स. स्तरको कार्यक्षेत्र तोकि महिला तथा बालबालिका कार्यालयवाट देहाय वमोजिमका कार्य गर्ने गरि सामाजिक परिचालिकाहरुको कार्यक्षेत्रगत सर्त निर्धारण गरिएको थियो :

क. स्थानीय स्तरमा आर्थिक तथा सामाजिक रुपले पछाडी परेका महिलाहरुलाई समूह, समिति मार्फत महिला विकास कार्यक्रममा आवद्ध गर्ने;

ख. सदस्यहरुको वचत संकलन, परिचालन, नियमति वैठक आदिमा सहजीकरण गर्ने;

ग. विपन्न तथा पिछडिएका महिलाहरुको आवश्यकता पहिचान गरी उनीहरुको सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउने;

घ. समूहका सदस्यहरुको सामाजिक परिचालन र चेतना जागरण कार्यक्रम सञ्चालन गर्ने;

ङ. महिलाहरुमा नेतृत्व गर्ने क्षमता र सीपको विकास गरी स्थानीय विकासका कार्यमा उनीहरुको सहभागितालाई अभिवृद्धि गर्ने;

च. लैगिक हिंसा न्यूनीकरणका लागि समुदायस्तरमा नियमित अन्तरक्रिया, छलफल तथा अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने र

छ. आफूले गरेको कामको नियमित प्रतिवेदन, खण्डीकृत तथ्याङ्क पेश गर्ने आदि।

आगामी दिनमा महिलाको आर्थिक, सामाजिक तथा राजनैतिक सशक्तीकरण, लैङ्गिक हिंसा न्यूनीकरण, महिलाहरुको नेतृत्व तथा क्षमता विकासका क्षेत्रमा स्थानीय तहको अवस्था तथा आवश्यकताअनुसार सामाजिक परिचालिकाको कार्यक्षेत्रगत सर्तमा परिवर्तन गर्न सकिनेछ।

## ३.४. समूह गठन तथा परिचालन

महिला विकास कार्यक्रममा लक्षित महिलाहरुलाई क्रमशः समूह, समिति र संस्था ३ तहमा संगठित गरी विभिन्न कार्यक्रम मार्फत महिला सशक्तिकरणको न्यूनतम स्तर हासिल गरिन्छ। पहिलो खुट्किलाको रुपमा रहेको समूह गठनबाट साथ आवश्यकताको परिपूर्ति, सामाजिक पुँजीको बढोत्तरी, लैङ्गिक छेकबारको निकास, सांगठनिक विकासको इकाई, कार्यक्रममा पहुंच स्थापनामा सहयोग पुग्छ।

यस कार्यक्रमअन्तर्गत लक्षित समूह पहिचान गरी आर्थिक तथा सामाजिक रुपले पछाडी परेका महिलाहरुलाई समूहमा आबद्ध गरी गर्नुपर्दछ। समूह गठन गर्नु अगाडी सहजकर्ताले महिला विकास कार्यक्रमको वारेमा वडा तहमा जानकारी गराई कार्यान्वयनका तौरतरिकाका साथै कार्यक्रम विस्तारको सम्बन्धमा छलफल गरि देहाय बमोजिम काम थाल्नुपर्दछ।

क. समूहमा ४ देखि ७ जनासम्मको मन मिल्ने, वय मिल्ने, पायक पर्ने सदस्यहरु लाई समावेश गर्ने

ख. बहुविपन्न महिला नछुट्नू भनेर विशेष ख्याल राख्ने (बहुविपन्न भन्नाले दलित वा संकटापन्न जनजाति समुदायका विपन्न महिला र जुनसुकै समुदायका एकल, अपाङ्गता वा लैङ्गिक हिंसा प्रभावित विपन्न महिला सम्झनुपर्दछ)

ग. एकाघरवाट एक जनाभन्दा बढी सदस्य एकै समूहमा नगरी छुट्टाछुट्टै समूहमा राख्ने र

घ. सहजकर्ताले समूह गठन गर्दा जाति, सम्प्रदाय वा वैचारिक आस्था नहेर्ने।

समूह बनाएर बचत परिचालन एवं बैठक सञ्चालनको कार्य सुचारु गराउनकालागि प्रति समूह रु. ५००। समूह बैठकको रजिष्टर, बचत रजिष्टर आवश्यक मसलन्द खरिद गर्न विनियोजन गरिएको छ। उक्त रकम सोही प्रयोजनमा उपयोग गर्ने गरी समूहका अध्यक्ष र अन्य सदस्यको रोहबरमा सचिवलाई चरपाई गराउन पर्दछ।

समूह गठन रजिष्टरमा जम्मा भएका सबैको उपस्थिति, बैठकको निर्णयको बेहोरासहित समूहको नम्बर र सदस्यहरुको नामावली खुलाएर लगत खडा गर्नुपर्दछ। त्यस्तै, प्रत्येक समूहका लागि समूह सदस्यहरु मध्येबाट अध्यक्ष र सचिव चुनी निर्णयमा पार्नुपर्दछ।

साथै अहिले समूह गठन गरिने बस्तीमा साविकमा महिला तथा बालबालिका कार्यालयबाट, कार्यालयको कार्यक्रमअन्तर्गत सामाजिक परिचालिकाबाट वा महिला संस्थाबाट समूह कायमै राखी त्यसपछिको क्रम सङ्ख्या दिएर नयाँ समूह गठन गर्नुपर्दछ। साविकको समूह निस्क्रिय भएर

नयाँ बनाउनुपर्ने वा पुनर्गठन गरी नयाँ थालनी गर्नुपर्ने अवस्था भने पृथक् भयो ।

### ३.५ समूह सदस्यको अनुशिक्षण ३ दिने

यस कार्यक्रमले महिलाहरुमा केही गर्छु भन्ने भावना जागृत गराएर आफू र आफूजस्ता अरुको जीवनमा परिवर्तन ल्याउन अग्रसर गराउन मद्दत पुग्दछ । स्वावलम्बनको महत्व बोध गराउन समूहमा आबद्ध नवप्रवेशी ३० जना महिला सदस्यहरुलाई महिला विकास कार्यक्रमको समग्र जानकारी लगायत सदस्यहरुलाई उपयोगी आधारभूत विषयहरु लैगिक विभेद, महिला हिंसा, महिला सशक्तीकरण लगायतका विषयमा न्यूनतम जानकारी दिलाउनका लागि यो अनुशिक्षणको व्यवस्था गरिएको हो । यो कार्यक्रमवाट विपन्न महिलाहरुमा आशा एवं आत्मविश्वास जागृत गराउन सहयोग पुगेको पाइएको छ । समुदायस्तरमा सञ्चालन गर्नुपर्ने यस कार्यक्रमका लागि रु. ३१,०००। वजेट विनियोजन गरिएको छ । नमुनाका लागि अनुशिक्षणको कार्यतालिका अनुसूचिमा राखिएको छ ।

### ३.६. अन्तराष्ट्रिय महिला दिवस

दिगो राष्ट्र विकासका लागि पुरुष सरह महिलाहरुको सक्रिय र अर्थपूर्ण सहभागिता अपरिहार्य छ । महिलाविरुद्ध हुने भेदभाव  र असमान व्यवहारलाई मध्यनजर गरि समानता, न्याय, शान्ति र विकासको लागि महिला सहभागिता प्रारम्भ गरिएको अभियानसंगै महिलाको मानव अधिकार प्रति ऐक्यवद्धता जाहेर गर्ने दिनको सम्झनामा हरेक वर्ष ८ मार्चका दिन विश्वभरी अन्तराष्ट्रिय महिला दिवस मनाइने गरिन्छ । सबै स्थानीय तहका सरकारी, गैरसरकारी, निजी क्षेत्र, नागरिक समाज लगायत अन्य सरोकारवाला निकायहरुको साझेदारी, सहयोग तथा समन्वयमा महिला अधिकार तथा महिला हिंसाविरुद्ध व्यापक सचेतना अभिवृद्धि गर्न, सामाजिक जागरणका साथै अन्तरराष्ट्रिय तथा राष्ट्रिय प्रतिवद्धतालाई कार्यान्वयनमा ल्याउन प्रत्येक स्थानीय तहमा यो कार्यक्रम संचालनका लागि रु. २०,००० विनियोजन गरिएको छ ।

## ४. प्रशिक्षण क्रियाकलापको खर्चका मानक

प्रशिक्षण क्रियाकलापमा स्रोत व्यक्ति, खाजा, मसलन्दलगायतका खर्चका सम्बन्धमा अर्थ मन्त्रालयबाट स्वीकृत मान बमोजिम गर्ने व्यवस्था मिलाउन सकिन्छ ।

## ५. सान्दर्भिक स्रोत

स्थानीय तहबाट सञ्चालन हुने महिला विकास कार्यक्रम र अन्तर्गतका क्रियाकलापहरुको तर्जुमा एवं कार्यान्वयनका लागि महिला तथा बालबालिका विभागबाट स्थानीय तहका लागि विशेषतः तयार पारिएको महिला विकासका विधिविधा, २०७४ विषयक पुस्तक उपयोगी हुन सक्तछ । त्यस्तै, खास गरी आर्थिक सशक्तीकरण तर्फका व्यावसायिक समूह विकासका एकीकृत कार्यक्रम,

लैङ्गिक विकास प्रतिवेदन, लैङ्गिक विश्लेषण, संस्थागत विकास रणनीति-पत्र तर्जुमाजस्ता क्रियाकलापहरुको रचना र कार्यान्वयनका क्रममा साबिकमा अपनाइएका प्रक्रिया, पाठ्यक्रम र खास गरी वित्तिय टेवाको अनुपात, प्रदान गर्ने आधार एवं सदुपयोगिताका सर्तलगायतको विस्तृत जानकारी महिला विकास कार्यक्रम : सञ्चालन मार्गदर्शन, २०७२ बाट प्राप्त गर्न सकिन्छ। स्थानीय तहबाट थप जानकारी वा सहयोग माग भएमा महिला तथा बालबालिका विभागबाट यथाशक्य प्रदान गर्ने व्यवस्थासमेत मिलाइएको छ।

## तारकेश्वर नगरपालिकाको स्वीकृत कार्यक्रमको कार्यविधि

### १. महिला शसक्तिकरण सम्वन्धि

#### १.१. समुह गठन

तारकेश्वर नगरपालिका वडा नं. १ देखि वडा ११ भित्रका वस्तिहरुमा रहेको विपन्न महिलाहरुलाई नगर महिला तथा बालबालिका शाखाको आयोजनामा समुह गरी महिलाहरुको आर्थिक सामाजिक राजनितिक शसक्तिकरणकोलागि गरिने पहिलो कार्यक्रम हो। विगत समुहमा आवद्धहुन छुटेका महिलाहरुलाई समुह गठन गरि समिति,संस्थामा आवद्धता गराउने पहिलो पाईला भएकोले यो कार्यक्रम राखिएको छ। सहभागी भेला गराई एक समुहमा कम्तिमा ५ जना देखि ७जना सम्मको १२वटा समुह गठन गरिन्छ। उक्त कार्यक्रम संचालन गर्न लागि ६,०००। वजेट विनियोजन भएको छ, नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।

#### १.२. समिति तथा निगरानी समुह गठन

तारकेश्वर नगरपालिका वडा नं. १ देखि वडा ११ भित्रका वस्तिहरुमा रहेको विपन्न महिलाहरुलाई नगर महिला तथा बालबालिका शाखाको आयोजनामा समिति गठन गरी महिलाहरुको आर्थिक सामाजिक राजनितिक शसक्तिकरणको लागि गरिने दोस्रो कार्यक्रम हो। विगत समुहमा आवद्ध भएका छुटेका महिलाहरुलाई समिति गठन गरि समितिमा आवद्धता गराउने दोस्रो पाईला भएकोले यो कार्यक्रम राखिएको छ। एक समितिमा कम्तिमा ३० जना देखि वढि क्षेत्र समेटने गरि राख्न सकिन्छ। यसमा २ वटा समिति गठन रहेको छ उक्त व्यवस्थापनको लागि २०,०००। वजेट विनियोजन भएको छ, नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिने छ।

#### १.३. समितिका सदस्यहरुलाई अनुसशक्षण ३ दिने

तारकेश्वर नगरपालिका वडा नं. १ देखि वडा ११ भित्रका वस्तिहरुमा रहेको विपन्न महिलाहरुलाई नगर महिला तथा बालबालिका शाखाको आयोजनामा समिति गठन गरी महिलाहरुको आर्थिक सामाजिक राजनितिक शसक्तिकरणको लागि गरिने कार्यक्रम हो। विगत समुहमा आवद्ध भएका छुटेका महिलाहरुलाई समिति गठन गरि समितिमा आवद्धता गराई सकेपछि समुह समिति संस्था र निगरानीसमुह परिचालनको लागि यो

कार्यक्रम राखिएको छ। २ पटकमा ३०।३० जनाको समुहमा ६० जना लाई अनुशिक्षणमा सहभागि राख्न सकिन्छ । उक्त व्यवस्थापनको लागि १,८०,०००। वजेट विनियोजन भएको छ, नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।

१.४. **महिलाको क्षेत्रमा काम गर्ने सरोकारवाला संघसंस्थाहरु विच अर्धवार्षिक अर्न्तक्रिया १ दिने नगरस्तर**

तारकेश्वर नगरपालिका क्षेत्र भित्र महिला वालवालिका कार्यालयद्धारा प्रवद्धित महिला समुह, समिति, संस्था र यस नगरपालिकालाई कार्यक्षेत्र वनाई महिला ,वालवालिका ,ज्येष्ठ नागरिक र अपाङ्गताका क्षेत्रमा काम गर्ने संघसंस्थाहरु विच अर्धवार्षिक अर्न्तक्रिया कार्यक्रम गर्दा दोहोरोपना हटाउन सहयोग पुग्नुको साथै संस्थाहरु विच सम्पर्क समन्वय सहकार्यवाट कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी नतिजा प्राप्त हुनेछ। यस कार्यक्रममा संस्थाले आआफना संस्थाको उद्धेश्य,लक्ष्य र सञ्चालन भएका कार्यक्रमको प्रगती समिक्षा गरिनेछ । यस कार्यक्रमको दुई पटकका लागि १५००००। विनियोजन भएको छ।

१.५. **आधारभुत तालीम तथा प्रस्तावना लेखन तालमि ७ दिने नगरस्तर**

आधारभूत तालिम तथा प्रस्तावना लेखन तालमि सञ्चालन गर्दा संस्थाका सञ्चलक सदस्य, लेखा समिति, सल्लाहाकार सदस्यहरु, समुह समितिका सदस्यहरु लाई सहभागी गराई उनिहरुको क्षमता विकासका साथै सस्थागत विकासमा सहयोग पुग्नेछ। यस तालीमवाट संस्था, समिति समुह परिचालन प्रकृयाहरुको वारेमा ज्ञान हासिल गर्नुको सुाथै विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु संग समन्वयवाट आवश्यक कार्यक्रमहरुको प्रस्तावना पेश गरि महिला शसक्तिकरणका लागि कार्यक्रम सञ्चालन गर्न सक्षम हुनेछन।

स्थानीय स्तरमा भएका वा गठन गरि कार्यालयवाट सहभागी छनौट कार्यमा सहयोग गरि नगर स्तरमा एक समुह ३० जनालाई तालिम दिनका लागि १८५०००। वजेट विनियोजन भएकोछ, नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।

१.६. **विपन्न वर्गका सदस्यहरुका लागि शिप विकास तथा व्यवसायिक विकास तालमि ७ दिने नगरस्तर**

विपन्न वर्गका सदस्यहरुका लागि शिप विकास तथा व्यवसायिक विकास तालमि सञ्चालन गर्दा नगरपालिका अति पिछडिएका विपन्न वर्गको वसोवास भएको वडाका संस्थाका सदस्य, समितिका सदस्य, समुह सदस्यहरु लाई सहभागी गराई सहभागिहरुको छनौट तथा व्यावसायिक वस्ती विकास गरी आर्यआर्जनमा सहभागि गराउनु हो। उनिहरुको जिवनस्तरमा सुधार ल्याई आर्थिक सशक्तिकरणमा सहयोग पुग्नेछ। यस

तालीमवाट व्यावसाय छनौट भएपछि सो व्यावसाय सम्वन्धि ज्ञान दिई सहभागिहरुलाई व्यावसाय संचालनको वारेमा ज्ञान हासिल गर्नुहुनेछ।
नगरपालिका अति पिछडिएका विपन्न वर्गको वसोवास भएको वडाका संस्थाका सदस्य,समितिका सदस्य, समुह सदस्यहरु लाई सहभागी गराई २० जना सहभागिहरुको छनौट गरि तालिम  नगर स्तरमा संचालन गर्न लागि १,७०,०००। वजेट विनियोजन भएकोछ, नगरपालिकाको खर्चको मापदण्ड अनुसार  खर्च गरिनेछ।

**१.७. तालिम प्राप्त सदस्यहरुको साझाव्यवसाय स्थापनाका लागि वहुउपयोगि वजेट अनुदान**

नगरपालिका अति पिछडिएका विपन्न वर्गको वसोवास भएको वडाका संस्थाका सदस्य, समितिका सदस्य, समुह सदस्यहरु २० जनाले व्यवसायिक शिप तालिम लिई सकेपछि सदस्यहरुलाई प्रस्तावना माग गरि सामुहिक व्यवसायिक समुह र नगर महिला तथा वालवालिका शाखाले सम्झौता गरि व्यावसायिक समुहको खातामा रु.१५००००। एकै पटक वा पटक पटक रकम उपलब्ध गराईनेछ। खर्चको फाँटवारी व्यवसायिक समुहले राख्नु पर्ने छ।

**१.८ महिलाहरुका लागि रहेका संसोधित कानुनबारे अभिमुखिकरण २ दिने नगरस्तर**

तारकेश्वर नगरपालिका भित्रका महिला समुह,समिति र संस्थामा आवद्धमा भएका महिला सदस्यहरु र अन्य महिलाहरुलाई २०७५ भाद्र १ गते देखि लागुभएका संशोधित कानुनहरुको वारेमा जानकारी तथा अभिमुखिकरणवाट कानुनी  हक अधिकारका वारेमा सचेत गराउनको लागि १ समुहमा २ दिने नगरस्तरिय अभिमुखीकरण राखिएकोछ। यस तालीम पश्चात आफु सुशुचित भई अरुलाई सचेत गराउन सक्नेछन । यस कार्यक्रमको लागि रु.९०,०००। वजेट विनियोजन भएकोछ, नगरपालिकाको खर्चको मापदण्ड अनुसार  खर्च गरिनेछ।

**१.९. महिला शसक्तिकरणका लागि नेतृत्व विकास तालीम ५ दिने नगरस्तर**

नगर महिला तथा वालवालिका शाखा तारकेश्वर अर्न्तगतका महिला समुह, समिति र संस्था तथा  महिलाहरुको क्षेत्रहरुमा कार्य गर्ने  सदस्यहरु र अन्य संघसंसस्थाका सदस्यहरुलाई हरेक क्षेत्रमा अग्रसर गराउने,रणनीतिक चिन्तनशिलता वढाउने नेतृत्व तथा अनुयात्वि विकासको अभ्यासमा मद्धत पुग्ने उदेश्यका साथ ३०जनालाई  सहभागीता गराईनेछ। यस कार्यक्रमको लागि रु.१२८,०००। वजेट विनियोजन भएकोछ, नगरपालिकाको खर्चको मापदण्ड अनुसार  खर्च गरिनेछ।

२ **वालवालिका प्रवर्द्धन सम्वन्धी**

२.१. **विद्यालय स्तरमा वालयौन दुर्व्यवहार नियन्त्रणका लागि संचेतना कार्यक्रम**

तारकेश्वर नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा वालवालिका माथी हुने यौन दुर्वेव्यवहार न्युनिकरणका लागि विद्यालयका सवै शिक्षक, तथा वालवालिकाहरुको माध्यमबाट विद्यालय तथा जननागरिकलाई सचेत गराई बालअधिकार तथा संरक्षण वुझाउनको लागि १ स्थानमा कार्यक्रम सञ्चालन गर्न रु. ५००००। वजेट विनियोजन भएको छ, नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।

२.२ **वालगृह अनुगमन**

तारकेश्वर नगरक्षेत्रभित्र विभिन्न संघसंस्थाहरुद्धारा स्थापना गरि सञ्चालनमा रहेका आवसीय वालगृहहरुको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०५९ वमोजिम नियमित सञ्चालन गर्नका लागि यस नगरपालिकाका जनप्रतिनिधि,नगरपालिकाका कर्मचारी, नगर महिला तथा वालवालिका शाखाका र सम्वन्धीत वडाका जनप्रतिनिधीहरु समेतको अनुगमन समुह वा आवश्यकता अनुसार नगरपालिका र सम्वन्धीत शाखाले अनुगमन गर्नेछ । यस कार्यक्रम सञ्चालन गर्न रु. १०००००। वजेट विनियोजन भएकोछ, नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।

२.३. **बाल अधिकार र संरक्षण प्रणाली सम्वन्धि पालिकाका पदाधिकारीहरुलाई ३ दिने तालिम नगरस्तर**

३. **ज्येष्ठ नागरिकहरुको लागि कार्यक्रम**

३.१. **ज्येष्ठ नागरिक अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम १ दिने, विद्यालयस्तर**

ज्येष्ठ नागरिकहरु प्रति विभिन्न पुस्ताहरुले गर्ने व्यवहारमा परिवर्तन गरि उनिहरुलाई सम्मानपुर्वक जिवनयापन गर्न सहज गराउन ज्येष्ठ नागरिक अर्न्तपुस्ता सिप हस्तान्तरण कार्यक्रम १ स्थानमा राखिएकोछ । सो कार्यक्रमले ज्येष्ठ नागरिकहरुप्रति गरिने व्यवहारमा सकारात्मक परिवर्तन भई आफुहरुलाई सम्मान भएको अनुभुति प्राप्त गराउन सकिनेछ । उक्त सञ्चालन गर्नका लागि रु. ५०,०००। वजेट विनियोजन भएको छ, नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।

३.२. **ज्येष्ठ नागरिकहरको लागि मिलन चौतारी तथा दिवा सेवा केन्द्र सञ्चालन (कायर्यक्रम अनुदान** )

ज्येष्ठ नागरिकहरुको लागि मिलन चौतारी तथा दिवा सेवा केन्द्र सञ्चालन गर्दा समय विताउनको साथै उनीहरुको विचमा अनुभव आदानप्रदान गर्ने,सकरात्मक सोच विकास,एक्लोपनाबाट मुक्त हुनुको साथै व्यवहारमा सकारात्मक परिवर्तन भई आफुहरुलाई सम्मान भएको अनुभुति प्राप्त गराउन सकिनेछ। जसले गर्दा ज्येष्ठ नागरिकहरुलाई औसत आयू परिवर्तन ल्याउन सहयोग पुग्ने भएकोले परिवार समाजमा प्रतिष्ठा वढनेछ। उक्त सञ्चालन

गर्नका लागि रु. १००,०००। वजेट विनियोजन भएको ।सो कार्यक्रम संचालनको लागि प्रस्तावना माग गरि छनौट भएको संस्थालाई अनुदान उपलब्ध गराईनेछ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन सहित खर्चको सक्कल विल भरपाई नगरपालिकामा पेश गर्नुपर्नेछ।

**४. अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रम**

**४.१. अपाङ्गता भएका व्यक्तिका संरक्षकहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको अधिकार तथा परिवारको भुमिका सम्वन्धी अभिमुखिकरण कार्यक्रम नगरस्तर २ दिने**

अपाङ्गता भएका व्यक्तिहरुका संरक्षक तथा समुदायले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार तथा परिवारको भुमिका वारे स्पष्ट जानकारी गराउन यो कार्यक्रम राखिएको छ। सो कार्यक्रमले अपाङ्गता भएका व्यक्तिहरुलाई हेर्ने दृष्टीकोण र गर्ने व्यवहारमा सकारात्मक परिवर्तन देखिन्छ । उक्त कार्यक्रम एक पटक सञ्चालन गर्नका लागि रु. १०,०००। वजेट विनियोजन भएकोछ, नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।

**५ साथ सम्पर्क**

नगरपालिका कार्यक्षेत्र भित्रका लक्षित वर्ग महिला बालबालिका ज्येष्ठनागरिक अपाङ्गता क्षेत्रमा समन्वय सहजिकरण र अनुगमन गर्नका लागि यस कार्यक्रम राखिएकोछ । महिला बालबालिका ज्येष्ठनागरिक अपाङ्गताका व्यक्ति साथै एकल महिलाहरु संग प्रत्यक्ष सम्पर्क गरि उनिहरुबाट संगठित संस्था समितिहरुले गरि आएका कार्यक्रमहरुको नगरपालिकाका प्रतिनिधिहरु एवम नगरमहिला तथा बालबालिका शाखाबाट अनुगमन गर्ने र परेका समस्याहरको समाधानका उपायको विकल्पमा सहयोग पुग्ने भएकोले एक आर्थिक वर्षको लागि रु. १०००००। वजेट विनियोजन भएको छ नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ। उक्त कार्यक्रम एक पटक सञ्चालन गर्नका लागि रु. १००,०००। वजेट विनियोजन भएको छ, समितिको कार्यविधि र नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।

**५ अन्य**

५.१. नगर महिला तथा बालबालिका समन्वय समितिका वैठक

नगरपालिका कार्यक्षेत्र भित्रका लक्षित वर्ग महिला बालबालिका ज्येष्ठनागरिक अपाङ्गता क्षेत्रमा समन्वय सहजिकरण र अनुगमन गर्नका बार्षिक कार्यक्रम कार्यान्वयन तथा कार्यक्रमलाई अझ प्रभावकारी संचालनको साथै कार्यक्रम संचालनमा समन्वय तथा सहजिकरण गर्न को साथै नितिगत व्यवस्थापनको लागि यस कार्यक्रम राखिएकोछ । यस समितिको कार्यविधि तयार गरि कार्यान्वयन गरिनेछ । उक्त कार्यक्रम सञ्चालन गर्नका लागि रु. १५०,०००। वजेट विनियोजन भएको छ, समितिको कार्यविधि र नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।

५.२. लैगिंक हिंसा निवारण कोषको स्थापना तथा सहयोग खर्च

लैगिंक हिसां निबारण कोषको स्थापना तथा सहयोग खर्च रकम लैगिंक हिसांमा परेका महिला बालबलिका हरुलाई तत्काल संरक्षण तथा व्यावस्थापन गर्नको लागि लैगिक हिंसा निवारण कोषको संचालन गर्न कार्यविधि बनाई गर्ने गरि यो कार्यक्रम राखिएको छ। उक्त कोष स्थापनाको लागि कार्यक्रम सञ्चालन को लागि रु.१,५०,०००। विनियोजन गरिएकोछ। लैंगिक हिंसा निबारण कोष कार्यविधि र नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।

५.३.कार्यपालिकाका पदाधिकारी र कर्मचारीहरुवाट अन्तरजिल्लामा महिलाद्धारा सञ्चालन भएका कार्यक्रमहरुको अध्ययान तथा अवलोकन भ्रमण ५ दिने

कार्यपालिकाका पदाधिकारी र कर्मचारीहरुवाट अर्न्तर जिल्लामा महिला, बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिकाहरुका संस्थादारा संचालित कार्यक्रमहरुको अवलोकन बाट कार्यक्रमको अनुशरण गरि तारकेश्वर नगरपालिका महिला, बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि कार्यक्रम संचालनमा सहयोग पुग्नुको साथै महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण भई व्यावसायिकता वस्तिको विकासमा सहयोग पुग्ने भएकोले उक्त कार्यक्रम सञ्चालन को लागि रु.३८०,०००। विनियोजन गरिएकोछ । नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।

५.४. विविध कार्यक्रम (दिवशिय कार्यक्रम तथा अन्य कार्यक्रम)

महिला, बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरुका क्षेत्रमा वार्षिक रुपमा संचालन गर्नुपर्ने विभिन्न दिवशिय तथा अन्य कार्यक्रम संचालन गर्नको लागि यो कार्यकम तथा वजेटको व्यवस्था गरिएकोछ।

६. **यसमा नगर महिला तथा बालबालिका समन्वय समितिका वैठक बाट निर्णय भएका कार्यक्रमहरुलाई सम्वोधन गर्ने उक्त कार्यक्रम सञ्चालन को लागि रु.१०८,०००। विनियोजन गरिएको छ । नगरपालिकाको खर्चको मापदण्ड अनुसार खर्च गरिनेछ।**

७. **चालु आ.व.मा स्वीकृत कार्यक्रम सञ्चालनमा केही संशोधन गर्नु पर्ने भएमा नगर महिला तथा वालवालिका समन्वय समितिको वैठकले निर्णयले गर्न सक्नेछ।**